# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# टंगाल, काठमाण्डौ

मिति: २०७४/१२/२५ गते

## प्रेस विज्ञप्ति

**विषय: भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्धनमा स्थानीय तहको भूमिका बिषयक गोष्ठी सम्पन्न।**

---

प्रदेश नं.१ का १४ जिल्लामा रहेका महा/उपमहा/नगरपालिकाहरुका निर्वाचित प्रमुख/उपप्रमुख तथा गाउँपालिकाहरुका अध्यक्ष/उपाध्यक्ष समेत करिव ४०० को उपस्थितिमा मिति २०७४/१२/२२ र २३ गतेका दिन प्रदेश नं.१ को विराटनगरमा भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्दनमा स्थानीय तहको भूमिका विषयक अन्तर्क्रिया कार्यक्रम अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको संयुक्त आयोजनामा सम्पन्न भयो ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका माननीय कार्यवाहक प्रमुख आयुक्त नवीन कुमार घिमिरे, माननीय आयुक्त डा. सावित्री थापा गुरुङ, सचिव डा. राजन खनाल र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव दिनेश थपलियाको उपस्थितिमा भएको उक्त कार्यक्रममा भ्रष्टाचार नियन्त्रण र शुसासन प्रवर्दनमा स्थानीय तहको भूमिका विषयक कार्यपत्रहरु प्रस्तुत भएका थिए ।

कार्यक्रममा माननीय कार्यवाहक प्रमुख आयुक्त नवीनकुमार घिमिरेले स्थानीय तहले गर्ने विकास निर्माण तथा सेवा प्रवाहको कार्यलाई प्रभावकारी बनाउन अख्तियार दुरुपयोग अनुसन्धान आयोग र स्थानीय तहसँगै रहेको विषयमा जोड दिंदै सरकारप्रतिको अनुभूति जनतासामु पुऱ्याउने साधनको रुपमा स्थानीय सरकार रहेको हुँदा स्थानीय शासन र सेवा प्रवाह नियम, विधि र प्रक्रिया संगत हुनुपर्ने वताउनुभयो।

वहाँले भावी दिनमा स्थानीय सरकारबाट जति जति विकासका गतिविधि संचालित हुँदै जान्छन त्यतिनै सरोकारवाला निकायहरु पनि सजग रहेर हेरिरहेका हुन्छन भन्नुभयो । कार्यवाहक प्रमुख आयुक्त श्री घिमिरेले विधिको शासन र पारदर्शितालाई पूर्णरुपमा पालना गरेमा भ्रष्टाचार नै हुँदैन र जनताले शुसासनको अनुभुति गर्नेछन भन्ने विश्वास व्यक्त गर्नुभयो । काम गर्दा नियतले होइन नीतिले गरौं, प्रवृत्तिले होइन पद्दतिले गरौं र स्थानीय तहमा शुसासन कायम गर्न तथा भ्रष्टाचार नियन्त्रण गर्न आयोग सदा साथ रहेको विषयलाई जोड दिदै कुनै पनि उजुरीका विषयमा आयोग रहरले होइन वाध्यताले प्रवेश गरेता पनि नियम, विधि, प्रक्रिया तथा पारदर्शिताका साथ काम गर्न सबै सरोकारवाला निकायहरुको सक्रिय भूमिका रहने कुरामा कार्यवाहक प्रमुख आयुक्त श्री घिमिरेले जोड दिनुभयो ।

कार्यक्रमलाई सम्वोधन गर्दै माननीय आयुक्त डा.सावित्री थापा गुरुङज्यूबाट निर्वाचित पदाधिकारीहरुले जिम्मेवारीका साथ काम गर्नुपर्ने, कानुनले निर्दिष्ट गरेका प्रक्रियाहरुको पालना गर्नुपर्ने र स्थानीय तहमा शुसासन कायम गर्नुपर्ने विषयमा जोड दिनुभयो ।

आयोगले भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्न विभिन्न किसिमका प्रवर्द्धनात्मक रणनीतिहरु अपनाउदै आएको छ। यस अन्तर्गत आयोगको अगुवाइमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग संयुक्त रुपमा स्थानीय निकायका मेयर, उपमेयर, अध्यक्ष र उपाध्यक्षलाई भ्रष्टाचार नियन्त्रण र सुशासन स्थानीय सरकारसंग आयोगको अपेक्षा र भ्रष्टाचार नियन्त्रणमा : अख्तियार दुरुपयोग अनुसन्धान आयोग विषयमा सातै प्रदेशमा अन्तर्क्रिया गोष्ठी सञ्चालन हुन थालेको छ ।

(दीर्घराज मैनाली)
सह-सचिव एवं प्रवक्ता